**पोखरा उपत्यका साइडसिन घुम्न जाउँ**
**घुमाउने ठाउँहरु**
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्क: **मानसरोबर टुर्स एण्ड ट्राभल्स**
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस २५ गते बिहीबार ❑ 9 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## राइड शेयरिङ एप्सलाई मान्यता नदिन चेतावनी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

राइड शेयरिङ एप्सलाई मान्यता नदिन पोखरा क्षेत्रका मजदुर तथा व्यवसायीहरुले चेतावनी दिएका छन् । उक्त एप्सलाई सरकारले मान्यता दिन लागेको भन्दै यहाँका मजदुर र व्यवसायीहरुले बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रम मार्फत सरकारलाई चेतावनी दिएका हुन् ।

एकिकृत यातायात मजदुर संगठन नेपाल गण्डकी प्रदेश समितिले आयोजना गरेको कार्यक्रममा गठनमा आबद्ध मजदुर सहित विभिन्न व्यवसायमा आवद्ध व्यवसायीहरुले नेपालमा अबैधानिक रुपमा रहेको राइड शेयरिङ एप्सलाई कानून संसोधन गरेर कानूनी मान्यता दिए त्यसका बिरुद्ध आन्दोलन गर्न आफुहरु तयारी अबस्थामा रहेको दाबी गरेका हुन् । पछिल्लो समय अवैधानिक र गैरकानुनी एप्स खारेजीको रिटमा अदालतले कानुनी व्यवस्था नभएकोले तत्काल कानूनी व्यवस्था निमार्ण गरेर मात्र सञ्चालन गर्न दिने निर्देशनात्मक आदेशलाई समेत पालना नगरी, ऐनमै



नभएको विषयलाई उठान गरी सार्वजनिक यातायातको विरोध र दोहोरो चरित्र देखाई, सार्वजनिक यातायातको मागको विषयका आन्दोलनमा पनि सहभागि हुने तथा विरोधीहरुसँग साँठगाँठ गरी कमिटि बनाउने जस्ता अस्वभाविक कार्यहरु गरेको प्रति संगठनले घोर बिरोध गरेको संगठन गण्डकी प्रदेशका अध्यक्ष तिल बहादुर विश्वकर्माले बताए। गण्डकी प्रदेश सरकारलाई सात बुँदे माग राखी, अल्टिमेटम दिई आन्दोलित भएको स्मरण गराउदै उनले सत्ताधारी ट्रेड युनियनका केही नेताको भरमा राइडर्स युनियन नेपाल को केन्द्रिय कमिटि निर्माण गरेको प्रति घोर भर्त्सना तथा निन्दा गरेका छन् । सार्वजनिक यातायात (कालो प्लेट) का श्रमिकहरुसँग दैनिक र मासिक रुपमा शुल्क उठाई सत्ताधारी मजदुर नेताले तलब भत्ता समेत खाने र अर्कोतिर निजी दुई पाङ्गे तथा चार पाङ्गे सवारी साधनको हितमा 'राइडर्स युनियन नेपाल' को कमिटी बनाउने जस्ता क्रियाकलापको गण्डकी प्रदेश सहित देशभरी नै विरोध तथा भण्डाफोर अभियान सञ्चालन गर्ने भएको अध्यक्ष विश्वकर्माले जनाए । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका बरिष्ठ उपाध्यक्ष ऐनकुमार शाहीले राइड शेयरिङ एप्स चलाउन दिने भए कालो प्लेटबाटै संचालन गर्न आग्रह गर्दै पोखरा क्षेत्रमा ९ वटा यातायात व्यवसायीक संस्थाहरु रहेको जनाए । गण्डकी ट्याक्सी व्यवसाय लिमिटेडका संस्थापक अध्यक्ष गान्धीराज गिरीले पोखराको आवश्यकता र सुन्दरतालाई ध्यानमा राखेर सिमित सवारी साधन भित्राउन पाउने प्रवधान ल्याएको बताउनु भयो। २०६५ साल देखि २० बर्ष पूराना सवारी साधन विस्थापन हुने नीतिलाई अबलम्बन गर्दै आएको बताउदै उनले अब यसको नीति निजी सवारीमा पनि लागु हुनुपर्ने माग गरे। पेट्रोलियम पदार्थको मुल्य बृद्धि हुदा समयमै भाडा समायोजन नहुदा आफुहरु मारमा पर्दै आएको उनले जनाए।

गण्डकी प्रदेश सरकारले यसको छुट्टै नीति तथा कानून ल्यायर राइड शेयरिङ एप्सलाई संचालन गर्ने तयारी गरेको छ।

यातायात व्यबस्था ऐन २०४९ र गण्डकी प्रदेश सवारी एन २०७६ को वर्खिलाप हुने गरी कार्य रहेकोले त्यसका बिरुद्ध नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, सार्वजनिक यातायात केन्द्रिय महासंघ, नेपालमा क्रियाशिल ४ वटा मजदुर संघ संगठनले प्रदेश सरकार समक्ष ७ बुंदे राखि अल्टिमेटम दिदै आन्दोलित भएको संगठनका अध्यक्ष विश्वकर्माले जनाए।

राइड शेयरिङ एप्सको प्रयोग उचित ढंगले गर्न सके आम उपभोक्ताले सहुलियत दरमा यात्रा गर्न सक्ने स्थानियको भनाई छ।

## पोखरा उपत्यकाका तालहरूमा ५३ प्रजातिका जलपंछी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

तालैतालको शहरका रुपमा चासो र चर्चा कमाएको पोखरा उपत्यकाका रामसार सूचिमा सूचिकृत नौवटा तालमा गरिएको जलपंछी गणनामा ५३ प्रजातिका जलपंछी फेला परेका छन् ।

टाइगर माउण्टेन पोखरा लज र पोखरा पंछी समाजको अगुवाईमा ४३ जना स्वयंसेवक गणकहरूबाट यही पुस २२ र २३ गते विभिन्न १२ वटा टोलीमा विभाजित भई गरिएको गणनामा ५३ प्रजाति अभिलेख गरिएको पोखरा पंक्षी समाजका अध्यक्ष एवम् क्षेत्रीय संयोजक मनशान्त घिमिरेले जानकारी दिनुभयो ।

सिमसार क्षेत्रमा आश्रित रैथाने र आगन्तुक चराहरूको वितरण, तिनीहरूको अवस्थाको जानकारी लिन, संख्याको अध्यावधिक, संरक्षणमा स्थानीय समुदाय र सरोकारवाला निकायलाई सहभागी बनाई सचेतना अभिवृद्धि गर्दै संरक्षणमा हातेमालोका लागि सन् २००४ बाट पोखरा उपत्यकामा जलपंछी गणना गरिँदै आइएको उहाँले बताउनुभयो । उहाँका अनुसार पोखरा उपत्यका भित्रका फेवा, बेगनास, रूपा, मैदी, दिपाङ, गुंदे, खास्टे, न्यूरेनी ताल र कमल पोखरी तथा विजयपुर खोला करिडोरमा जलपंछी गणना गरिएको थियो । गणनाका क्रममा फेवातालमा ५२ प्रजातिका दुई हजार १२ जलपंछी फेला परेका छन् । त्यस्तै बेगानास तालमा १४ प्रजातिका १५८, रुपा तालमा २६ प्रजातिका ३६४, गुँदे तालमा १३ प्रजातिका ३०१, खास्टे र न्युरेनी तालमा १६ प्रजातिका १८९, दिपाङमा १३ प्रजातिका २१७, मैदीमा १० प्रजातिका १२१, कमल पोखरीमा पाँच प्रजातिका १४ र विजयपुर खोलामा १० प्रजातिका ४३ संख्यामा जलपंछी भेटिएका छन् । गणनाका क्रममा फेवा र दिपांग तालमा चराहरूको संख्या यस अघिकोमा केही बृद्धि भएको भने रुपा र मैदीमा बराबर तथा अन्यमा घट्दो अवस्थामा रहेको छ । पछिल्लो समयमा सिमसार संकुचित हुँदै जानु, मानवीय गतिविधिहरू बढ्नु, अवैध चोरी शिकार, ध्वनी प्रदुषण, वासस्थानको व्यापक विनाश, पंछी संरक्षणमा सचेतनाको कमी आदि कारणले केही तालमा थोरै बढेता पनि अन्यमा अघिल्लो वर्षको तुलनामा धेरै घटेको उहाँले जानकारी दिनुभयो ।

सन् १९८७ देखि नेपालमा नियमित रुपमा हुँदै आएको एशियाली जलपंछी गणनाले देशको जैविक विविधता संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको टाइगर माउन्टेन पोखरा लजका चरा विज्ञ एवम् क्षेत्रीय संयोजक झलक चौधरीले जानकारी दिनुभयो ।

उहाँका अनुसार जलपंछी गणनाको मुख्य उद्देश्य पानीमा आश्रित बसाई सराई गर्ने र पानीमा र यस वरिपरी बस्ने चराहरुको संख्या र वितरणको बारेमा जानकारी संकलन गर्नु रहेको छ । यसबाट सिमसार क्षेत्रको अवस्था, जलपंछीको प्रजनन अवस्था र जलवायु परिवर्तनको असरबारे जानकारी पाइने उहाँले जानकारी दिनुभयो ।

## 'शान्तिप्रक्रिया शीघ्र टुङ्ग्याउन दबाब सृजना गरौँ'

**रासस**
काठमाडौं, २४ पुस

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्तिप्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम टुङ्ग्याउन दबाब सृजना गर्नुपर्ने बताउनुभएको छ ।

बेपत्ता योद्धा राजेन्द्र ढकालको २६ औँ स्मरण दिवसका अवसरमा आज यहाँ आयोजित 'शान्ति प्रक्रिया र बेपत्ता नागरिकको सार्वजनिकीकरणको सवाल' विषयको कार्यक्रममा उहाँले शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सबैले दबाब सिर्जना

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सूर्यदर्शन सहकारी बचत अपचलन: प्रतिवादीहरूको थुनछेक बहस जारी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

कास्कीको सूर्यदर्शन सहकारीको बचत रकम अपचलन मुद्दाका प्रतिवादीहरूको थुनछेक बहस जिल्ला अदालत कास्कीमा जारी छ ।

उक्त मुद्दाका आरोपी राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेसहित सात प्रतिवादीहरूको थुनछेक बहस जिल्ला न्यायाधीश नीतिज राईको इजलासमा भइरहेको हो ।

मङ्गलबार लामिछाने तर्फका कानुन व्यवसायीको बहस सकिएपछि अन्य प्रतिवादीहरूको बहस सुरु भएको अदालतका श्रेस्तेदार राजन खनालले जानकारी दिनुभयो । सोमबार र मङ्गलबार लामिछाने पक्षका कानुन व्यवसायी वरिष्ठ अधिवक्ताहरू सुशीलकुमार पन्त, रमणकुमार श्रेष्ठ, सुरेन्द्र थापालगायतले बहस गर्नुभएको थियो । यसअघि प्रतिवादी लीला पछाईं र छविलाल जोशी पक्षका कानुनी व्यवसायीहरूले बहस गरेका थिए । सरकारी वकिल र जाहेरवाला सहकारीपीडित पक्षका कानुन व्यवसायीले उक्त मुद्दामा बहस गरेपछि प्रतिवादीतर्फका कानुन व्यवसायीको बहस चलिरहेको हो । प्रतिवादीहरूको बयान सकिएलगत्तै यही पुस १६ गतेदेखि थुनछेक बहस सुरु भएको थियो । प्रतिवादीतर्फका कानुन व्यवसायीहरूको बहस सकिएपछि पुनः सरकारी वकिलका तर्फबाट जवाफी बहस सुरु हुने जनाइएको छ ।

थुनचेक बहसपछि प्रतिवादीहरूलाई पुर्पक्षका लागि थुनामा राखेर अनुसन्धान गर्ने कि थुनामुक्त गरेर अनुसन्धान जारी राख्ने आदेश हुनेछ । लामिछानेसहित उक्त सहकारी ठगीको मुद्दामा जोडिएका पूर्वडिआइजी छविलाल जोशी, लीला पछाईं, कृष्णबहादुर गुरुङ, रामबहादुर खनाललगायतमाथि थुनछेक बहस भइरहेको हो । यही पुस ७ गते जिल्ला सरकारी वकिलको कार्यालयले सहकारीको रकम अपचलनको आरोपमा रास्वपा सभापति लामिछानेसहित ४४ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । सभापति लामिछानेमाथि सहकारी ठगीसँगै सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरमा समेत मुद्दा दायर भएको छ । सरकारी वकिलको कार्यालयले सूर्यदर्शन सहकारीको रकम ठगी प्रकरणमा अहिलेसम्म ६३ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको छ। सभापति लामिछानेसहित १९ जनाविरुद्ध सङ्गठित अपराधमा समेत मुद्दा चलाइएको जिल्ला सरकारी वकिलको कार्यालयले जनाएको छ। यस्तै लामिछानेसँगै खनाल, जोशी र पछाईंविरुद्ध सम्पत्ति शुद्धीकरणमा पनि मुद्दा दायर गरिएको सरकारी वकिलको कार्यालयले जनाएको छ।

## शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न सरकार प्रतिबद्ध: सञ्चारमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
लमजुङ, २४ पुस

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले शिक्षा क्षेत्रको सुधारमा सरकारले काम गरिरहेको बताउनुभएको छ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन, नेपाल जिल्ला कार्यसमितिको बैंसीसहर नगरपालिका-८ मा आयोजित ३४औँ प्याब्सन दिवस कार्यक्रमलाई उहाँले सम्बोधन गर्नुभएको



थियो। शिक्षा क्षेत्रमा सरकारले ठूलो लगानी गरे पनि उपलब्धि राम्रो नभएको र आगामी दिनमा शिक्षा व्यवस्थित गर्दै गुणस्तरीय, सीपमूलक, समयअनुसारको शिक्षा र विदेश पलायन भइरहेका युवालाई स्वदेशमै बस्न सक्नेगरी व्यवस्थित गर्नमा सरकार प्रतिबद्ध रहेको सञ्चारमन्त्री गुरुङको भनाइ थियो । सरकारको प्रवक्तासमेत रहनुभएका गुरुङले सहकारी ऐनलाई व्यवस्थित बनाउन बनेको अध्यादेश जारी गरेर सहकारी क्षेत्रको समस्या समाधान गर्न सरकारले आवश्यक प्रक्रिया अघि बढाएको बताउनुभयो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

**सुपथ मूल्यमा आकर्षक छपाइ**

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# २४ औं आहा ! रारा पोखरा गोल्ड कप माघ तेश्रो सातादेखि हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ पुस

२४ औं संस्करणको आहा ! रारा पोखरा गोल्ड कप फुटबल प्रतियोगिता-२०८१ को आउँदो माघ महिनाको तेश्रो साता देखि हुने भएको छ।

मोफसलको चर्चित सहारा क्लब पोखराले आगामी माघ २२ देखि फागुन ३ सम्म पोखरा रंगशालामा उक्त प्रतियोगिता संचालन गर्ने तयारी गरेको क्लवका अध्यक्ष केशवराज बरालले बताउनु भयो । १२ दिन चल्ने प्रतियोगितामा ए डिभिजनका क्लव, विभागिय टिम, आयोजक सहित केही विदेशी टिम गरी १२ टिम सहभागी गराउने तयारी भएको उहाँले जनाउनु भयो।

'आत्मा साक्षी राखी मन वचन र कर्मले सामाजिक सेवा गरौं' भन्ने उद्देश्य अनुरुप फुटबल मार्फत सहारा क्लब सामाजिक सेवा निरन्तर क्रियाशील रहेको क्लब महासचिव रामजीप्रसाद अधिकारीले बताउनु भयो।

क्लबले पोखरा १७, दोबिल्लामा सूर्यबहादुर के.सी. स्मृति सहारा फुटबल एकेडेमी संचालन गरेको छ। हाल चौथो ब्याजको रुपमा एकेडेमीमा आश्रित कठिन परिस्थिति र विपन्न वर्गका ३० जना बालकहरु रहनु भएको छ।

फुटबल प्रतियोगिताबाट हुने आम्दानी एकेडेमीमा आश्रित बालिकहरुको उचित शिक्षादीक्षा, आवास र दैनिक फुटबल प्रशिक्षणमा क्लबले खर्च गर्दै आएको अध्यक्ष बरालले बताउनु भयो । "खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन शहरको रुपमा स्थापित गरौं" भन्ने सन्देश मूलक उद्देश्यका साथ पोखरा रंगशालामा साढे दुई दशकदेखि बर्सेनि आयोजित यो प्रतियोगिता पोखराको पहिचान बनाएको छ । प्रतियोगिताको मुख्य प्रायोजक हिमश्री फुड्स प्रालिको उत्पादन आहा तथा रारा चाउचाउ हो । गत वर्षको विजेता त्रिभुवन आर्मी फुटबल क्लब र उपविजेता थ्री स्टार क्लब ललितपुर हुन् । विजेताले १२ लाख र उपविजेताले ६ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गरेका थिए । पोखरा महानगरपालिका संरक्षक छ भने अफिसियल बैंक लुम्बिनी विकास बैंक, अफिसियल एयरलायन्स बुद्ध एयर रहेका छन् ।

# विन्ध्यवासिनी माविमा रक्तदान हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ पुस

पोखराको बाटुलेचौरस्थित विन्ध्यवासिनी माविले खुला रक्तदान कार्यक्रममा गर्ने भएको छ।

विद्यालयको ७८ औं वार्षिकोत्सवको पुर्व सन्ध्यामा यही पुस २६ गते वृहत रक्तदान कार्यक्रमको आयोजना गरिएको कार्यक्रम संयोजक बिष्णु प्रसाद पौडेलले जानकारी दिनुभयो । ५औं संस्करणको सो कार्यक्रम विद्यालय परिसरमा विहान शुरु हुने र कार्यक्रममा जुनियर रेडक्रस सर्कल, रेडक्रस सोसाइटी पोखरा १६ उपशाखाको सहयोग र रक्त सञ्चार केन्द्र पोखराको प्राविधिक सहयोगमा संचालन हुने विद्यालय प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले बताउनुभयो । पोखरामा रगतको अभाव देखिएको र त्यसलाई केही हदसम्म न्युनिकरण गर्न रक्तदान कार्यक्रम आयोजना गरिएको र कार्यक्रमको तयारी तिव्र पारिएको बताइएको छ । सोही दिन विज्ञान प्रविधि प्रर्दशनी समेत गरिने विद्यालयले जनाएको छ । विद्यालयको वार्षिकोत्सव तथा अभिभावक दिवसको मुख्य




कार्यक्रम २७ गते हुने बताएको छ। सो दिन पुरस्कार वितरण, अक्षयकोष दाताको सम्मान सहित उत्कृष्ट शिक्षक, कर्मचारीलाई सम्मान गरिने छ । वार्षिकोत्सव कै अवसरमा विद्यालयले बुधबार खेलकुद सप्ताहमा उत्कृष्ट विद्यार्थी तथा तहगत रूपमा शैक्षिक पुरस्कार वितरण गर्यो। कार्यक्रममा पुर्व प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासीले उत्कृष्ट विद्यार्थीलाई पुरस्कार वितरण गर्दै विद्यार्थीको शारीरिक विकासका लागि अतिरिक्त क्रियाकलाप महत्त्वपूर्ण हुने बताउनुभयो । कार्यक्रममा विद्यालयका प्रअ आचार्यले ७८ औं वार्षिकोत्सवका विभिन्न कार्यक्रमका विषयमा जानकारी दिँदै, रक्तदान कार्यक्रम र मुल समारोहमा सहभागी भईदिनु आग्रह गर्नुभयो। कार्यक्रममा विद्यार्थीले साँस्कृतिक नृत्य समेत प्रस्तुत गरेका थिए। कार्यक्रमको सञ्चालन विद्यालयका लेखापाल भीमबहादुर गायकले गर्नुभएको थियो ।

विहिवार पनि दोस्रो चरणको पुरस्कार वितरण कार्यक्रम पुर्व मन्त्री कुमार खड्काको प्रमुख आतिथ्यतामा हुने विद्यालयले जनाएको छ।

# सन् २०२४ मा मनास्लु क्षेत्रमा १० हजार विदेशी पर्यटक

पोखरापत्र संवाददाता
गोरखा, २४ पुस

उत्तरी गोरखाको मनास्लु क्षेत्रमा एक वर्षमा १० हजारभन्दा बढी विदेशी पर्यटक घुम्न पुगेका छन् ।

मनास्लु क्षेत्रमा सन् २०२४ मा १० हजार छ सय पाँच जना विदेशी पर्यटकले भ्रमण गरेको मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय (एमक्याप)का संरक्षण अधिकृत एवं सूचना अधिकारी भुवनराज ओझाले जानकारी दिनुभयो ।

अघिल्लो वर्ष सन् २०२३ को तुलनामा गएको वर्ष एक हजार चार सय २८ जना बढी विदेशी पर्यटक मनास्लु क्षेत्रको भ्रमणमा पुगेको उहाँले बताउनुभयो । "अघिल्लो वर्ष नौ हजार एक सय ७७ विदेशी पर्यटक मनास्लु क्षेत्र घुम्न पुगेका थिए, उहाँले



भन्नुभयो, "गत वर्ष अहिलेसम्मकै सबैभन्दा विदेशी पर्यटकले मनास्लुको भ्रमण गरेका छन् ।" मनास्लु क्षेत्र घुम्न पुग्ने पर्यटकमा दक्षिण एशीयाली क्षेत्रीय सहयाग संगठन (सार्क) राष्ट्रका भन्दा तेस्रो मुलुकका विदेशी पर्यटकको सङ्ख्या बढी रहेको उहाँको भनाइ छ । सन् २०२४ मा सबैभन्दा धेरै फ्रान्सबाट एक हजार तीन सय ३५ जना विदेशी पर्यटकले मनास्लु क्षेत्रको भ्रमण गरेको पाइएको छ । "गत वर्ष मनास्लु भ्रमण गर्ने विदेश पर्यटकमध्ये एक हजार एक सय ८१ जना जर्मनी नागरिक, सात सय ९६ जना अमेरिकी नागरिक रहेको कार्यालयको तथ्याङ्क छ, सार्क राष्ट्रमध्ये भारतबाट सबैभन्दा धेरै एक सय ५९ जना पर्यटकले मनास्लु पदयात्रा गरेका छन्", अधिकृत ओझाले भन्नुभयो ।

त्यस्तै नेदरल्याण्ड्स, जर्मनी, बेलायत, अष्ट्रेलिया, स्पेन, चीनलगायत देशबाट विदेशी पर्यटक मनास्लु क्षेत्र घुम्न पुग्ने गरेको उहाँको भनाइ छ । मनास्लु पदमार्गमा घुम्न जाने पर्यटकले नुब्री भ्यालीतर्फ कुल्छुमन (काल) ताल, विश्वको आठौँ अग्लो मनस्लु हिमाल, वीरेन्द्र तालको अवलोकन गर्दै लार्केपास गरेर मनाङ पुग्न सक्ने छन् । त्यस्तै चुमभ्यालीतर्फ विश्वकै सर्वाधिक चर्चित श्रृगी हिमाल, राजेन गुम्बालगायत गुम्बाको अवलोकन गर्न पाउनेछन् । मनास्लु क्षेत्रमा प्राकृतिक सौन्दर्यतासँगै पर्यटकले हिमचितुवा, नाउर, घोरल, डाँफे, मुनाल, चौँरी सामिप्यतामा समेत रमाउने अवसर पाउने गर्दछन् ।

# पर्वतबाट बहुमूल्य जडीबुटीको चोरीनिकासी बढ्दो

पोखरापत्र संवाददाता
पर्वत २४ पुस

आवश्यक संरक्षण र उपयोग गर्न नसक्दा पर्वतका वन क्षेत्रमा पाइने करोडौं मूल्यका जडीबुटीको चोरीनिकासी बढ्दै गएको पाइएको छ।

जडीबुटी संरक्षण, प्रवर्द्धन, सङ्कलन र निकासी गर्ने आधिकारिक निकायको बेवास्ताका कारण दैनिकजसो चोरीनिकासी बढ्दै गएको हो । जिल्लाका उच्च पहाडी भेगमा रहेका जङ्गलमा बहुमूल्य औषधीय गुणयुक्त जडीबुटी प्रशस्तमात्रामा रहेको छ । जिल्लाको जलजला र मोदी गाउँपालिकामा पर्ने हम्पाल क्षेत्र, मोदी र कुश्मा क्षेत्रमा पर्ने पञ्चासे, डहरे, चिसापानी, गोल्र्याङ ठूला जङ्गल क्षेत्र हुन् । यी क्षेत्रमा अल्लो, सत्तुवा, नागबेली, पाखनभेद, रक्तमूल, भूतकेश, चिराइतो, पदमचाल, बज्रदन्ते, लोठसल्ला प्रशस्तमात्रामा पाइन्छ । यसैगरी सुनाखरी, चिराइतो, अर्गेली, टिमुर, ढकायो, चुत्रो, लोक्ता, सिल्टिमुर, धसिङ्ग्रे, खोटो, हर्रोबर्रोलगायत सयौं प्रकारका जडीबुटीसमेत प्रशस्तै पाइन्छ। डिभिजन वन कार्यालय पर्वतका अनुसार जडीबुटी पकेट क्षेत्र तोकेर संरक्षण गर्न नसक्दा ठूलोमात्रामा नोक्सानी भइरहेको छ । जिल्लामा कुन जडीबुटी कति परिमाणमा पाइन्छ भन्ने यकीन नभए पनि चोरीनिकासीकै कारण जडीबुटीको आनुवंशिक स्रोतसमेत नष्ट हुने खतरा बढेको जनाएको छ। जिल्लाको उत्तरी भेगमा पर्ने तीन हजार मिटर उचाइसम्म फैलिएका सामुदायिक वन सहस्रधारा सामुदायिक वन, खर्सुबास सामुदायिक वन, रेसापातल सामुदायिक वन, ठूला टाउका गैंडाखर्क सामुदायिक वन, छिपछिपे सिलिङ्गे सामुदायिक वनमा औषधीय जडीबुटी प्रजातिका वनस्पति पाइन्छ। पर्वतको मोदी-४ लेस्पारका ७३ वर्षीय वृद्ध टेकबहादुर पुनले जडीबुटीको प्रयोग गरी गाउँलेको उपचारसमेत गर्दै आउनुभएको छ। पुनले चिन्ता व्यक्त गर्दै भन्नुभयो, "पर्वतका सामुदायिक वनमा धेरै प्रकारका जडीबुटी पाइने भए पनि अहिले उचित संरक्षणको अभावले कतिपय नासिँदै गाएका छन् भने चोरी हुनेक्रम पनि बढेको छ।" पहिले प्रशस्तै पाइने धेरै प्रकारका जडीबुटी अहिले थोरैमात्रामा देखिने गरेको उहाँको भनाइ छ । गाउँमा बस्ने मानिसको सङ्ख्या घट्दै जानु र भएकालेसमेत चासो नदिएका कारण बहुमूल्य जडीबुटी जोखिममा पर्दै गएको उहाँको गुनासो छ। खर्सुबास सामुदायिक वन उपभोक्ता समूह मोदी-४ क्याङका अध्यक्ष नरसिं पुनले जडीबुटीको उचित संरक्षण हुन नसक्दा धेरै प्रकारका जडीबुटी चोरीनिकासी हुने र जङ्गलमै खेरजाने तर गाउँलेलाई कुनै लाभ नहुने गरेको बताउनुभयो। डिभिजन वन कार्यालय पर्वतका सहायक वन अधिकृत रामबहादुर विकले जिल्लामा वनजन्य जडीबुटी प्रशस्तै पाइने भएर पनि बजेट र कार्यक्रम नहुँदा यस क्षेत्रमा कुनै कार्य हुन नसकेको बताउनुभयो। वनजन्य जडीबुटीबाट आर्थिक लाभ लिन सबैभन्दा पहिले कुन स्थानमा कुन जातिको प्रजाति कतिमात्रामा पाइन्छ सोहीअनुसार पहिले पकेट क्षेत्र तोकिनु पर्दछ विकले भन्नुभयो, "जडीबुटीको विस्तृत स्रोत सर्वेक्षण गरिनुहुन सकेको छैन ।" डिभिजन वन कार्यालय, पर्वतमा चालु आर्थिक वर्षमा जडीबुटी संरक्षण र प्रवर्द्धनसम्बन्धी एउटै कार्यक्रम नसमेटिएको उहाँको भनाइ छ । जिल्लामा वन उपभोक्ता समूह गठन भई १४ हजार चार सय २२ हेक्टर वन क्षेत्रमा करिब ४४ हजार एक सय चार घरधुरीका स्थानीय समुदाय वनसँग जोडिएको भए पनि अहिलेसम्म समुदायस्तरबाट जडीबुटी संरक्षण र प्रवर्द्धनमा प्रत्यक्ष जोडिएर आम्दानी गर्न नसकेको उहाँको भनाइ छ।

## शान्तिप्रक्रिया...

गर्नुपर्ने अवस्था उत्पन्न भएको बताउनुभयो।

शान्तिप्रक्रियालाई निष्कर्षमा पुग्न नदिन केही तत्व लागेका उल्लेख गर्दै उहाँले भन्नुभयो, " शान्तिप्रक्रियालाई जटिल मोडमा पुर्‍याउने प्रवृत्ति पनि देखिएको छ, त्यो तत्वले टुङ्गिन लागेको शान्तिप्रक्रियालाई रोकिराखेको छ।" शान्तिप्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयलाई चाँडो टुङ्गोमा पुर्‍याउन सबै राजनीतिक दल इमान्दार हुनुपर्नेमा जोड दिँदै उहाँले यससम्बन्धमा नेपाली कांग्रेस र नेकपा (एमाले)सँग छलफल गर्ने बताउनुभयो।

एमाले नेता अग्नि खरेलले शान्तिप्रक्रियालाई टुङ्गो लगाउन सरकार र आफ्नो पार्टी इमान्दार रहेको बताउनुभयो। "शान्तिप्रक्रियालाई सफल बनाउन सरकार सकारात्मक छ, एमाले केन्द्रीय समिति बैठकमा पेस भएको दस्तावेजमा पनि शान्तिप्रक्रियालाई निष्कर्षमा लैजाने विषय उल्लेख छ", उहाँले भन्नुभयो, "शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन सरकार र विपक्षी दल एक ठाउँमा उभिनुपर्छ ।" पूर्वकानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द बन्दीले सङ्क्रमणकालीन न्यायलाई टुङ्ग्याउन कानुनी पक्षलाई मात्र नहेरी द्वन्द्वपीडित दुवैपक्षबीच सहमति एवं विश्वासको वातावरण बन्नुपर्नेमा जोड दिनुभयो। नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले सङ्क्रमणकालीनन्यायसँगसम्बन्धित विषय टुङ्ग्याउन विलम्ब भएमा मुलुकको छवि अन्तर्राष्ट्रिय रुपमा धुमिल हुने बताउनुभयो।

## एक-अर्काको ...

उहाँले भन्नुभयो, "सहकारी कोष खडा गरेर सहकारीमा जम्मा गरेको बचत पाउने व्यवस्था गर्न हामी चाहन्छौं ।"

सरकारले अझै पुँजीगत खर्च सोचेजति बढाउन नसकेकाले अब पुँजीगत खर्च बढाउने र स्वदेशमा रोजगारीको सिर्जना गर्ने उहाँले बताउनुभयो।

सो कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य जमिन्द्रमान घले, बैंसीसहर नगरपालिका प्रमुख गुमानसिंह अर्यालगायतले शिक्षा क्षेत्रलाई सङ्घीय सरकारले व्यवस्थित गर्नुपर्नेमा जोड दिएका थिए।

त्यसैगरी आजै आयोजित समतामूलक समाज नेपालको स्थानीय तहका जनप्रतिनिधिका लागि जिल्लास्तरीय नेतृत्व विकास तथा सशक्तीकरण कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री गुरुङले सङ्घीयताका कारण जनजाति, दलित समुदायहरुले विभिन्न अधिकार प्राप्त गर्न सफल भएको बताउनुभयो । उहाँले दलित समुदायको हकहितका लागि जनप्रतिनिधिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो।

# नयाँ छात्रावास भवन निर्माण गर्दै पोखरा विश्वविद्यालय

पोखरापत्र संवाददाता
पोखरा, २४ पुस

पोखरा विश्वविद्यालयले नयाँ छात्रावास बनाउने तयारी सुरु गरेको छ।

पोखरा महानगरपालिका-३०, खुदी, ढुङ्गेपाटनस्थित पोखरा विश्वविद्यालय शिक्षण अस्पतालको दक्षिणतर्फ रहेको १२ रोपनी क्षेत्रफलमा छात्रावास निर्माण गर्ने तयारी थालिएको हो । नयाँ छात्रावास भवन एक सय विद्यार्थी क्षमताको पाँचतल्ले हुने र पहिलो तल्ला शिक्षण अस्पतालमा कार्यरत रेसिडेन्ट नर्सहरूको आवासका रूपमा प्रयोग गर्ने योजना रहेको विश्वविद्यलायका सूचना अधिकारी लोकप्रसाद ढकालले बताउनुभयो । विश्वविद्यालयले नयाँ छात्रावास भवन निर्माण अघि बढाउँदै विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने सम्बन्धमा पेस कन्सल्टेन्ट प्रालिसँग ठेक्का सम्झौता भएको उहाँले जानकारी दिनुभयो । पोखरा विश्वविद्यालयको केन्द्रीय कार्यालयमामङ्गलबारआयोजित कार्यक्रममा विश्वविद्यालयका रजिष्ट्रार प्रा डा दीपकबहादुर भण्डारी र पेस कन्सल्टेन्टका प्रबन्ध निर्देशक इञ्जिनियर विष्णुप्रसाद खनालले उपकुलपति प्रा डा बेदराज केसीको उपस्थितिमा सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको सूचना अधिकारी ढकालले जानकारी दिनुभयो । सम्झौताअनुसार छात्रावास भवनको डिजाइन फागुनभित्र तयार पार्ने जनाइएको छ। परामर्शदाताले छात्रावाससँगै भौतिक संरचना (आन्तरिक सडक, पैदलमार्ग, ढल, बगैंचा र पार्किङ) को विस्तृत वास्तुकलात्मक तथा इन्जिनियरिङ डिजाइन तयार गर्नेछन् । सम्झौताको कूल रकम रु १७ लाख ८८ हजार दुई सय २५ रहेको विश्वविद्यालयले जनाएको छ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

- पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
- महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
- सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरू।
- मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजे देखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

सामाजिक सञ्जालमा:
◆जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
◆राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
◆कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
◆जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
◆शान्ति सुरक्षामा खलल पुग्ने,
◆प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
◆जनमानसमा भ्रम सिर्जना गर्ने,
जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन। त्यस्ता कार्य कानूनत: दण्डनीय हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# शीतलहरको कहर

पछिल्लो केही दिनयता शीतलहरका कारण जनजीवन प्रभावित बनेको छ । जनजीवन सामान्य बनाउन स्थानीय प्रशासनले पालिकालाई जिम्मेवारी तोक्दै सुरक्षा निकायलाई उच्च सर्तकता अपनाउन निर्देशन दिएका छन । जिल्ला विपद् व्यवस्थापन समितिमार्फत कार्ययोजना बनाएर सम्बन्धित निकायलाई शीतलहर व्यवस्थापनका लागि आग्रह गरिएको छ । स्थानीय तहलाई स्रोत व्यवस्थापन गर्न म्यान्डेट दिएको छ । चिसो र शीतलहरबाट प्रभावित भएका नागरिकलाई जोखिमबाट बचाउन कम्बल भण्डारण गरेर राखिएको छ । बाक्लो हुस्सु र शीतलहरले जनजीवन कष्टकर बन्दा स्थानीयले आगो बालेर ताप्न थालेको दृश्य धेरै ठाउँमा देख्न सकिन्छ । चिसोका कारण बालबालिका, वृद्धवृद्धा र विपन्न वर्ग बढी प्रभावित भएका छन् ।

अत्यधिक चिसोका कारण मानिसलाई घरबाहिर निस्किन कठिनाइ हुँदा बजारमा चहल पहल कममात्रामा देखिएको छ । चिसोले गर्दा न्यानो कपडाको बिक्रीवितरण बढे पनि अन्य व्यापार व्यवसायमा मन्दी रहेको छ । चिसोका कारण स्वास्थ्यमा असर पर्ने सम्भावना बढेकाले बालबालिका, वृद्धवृद्धा र शारीरिक रूपमा कमजोर व्यक्तिहरूलाई विशेष ख्याल गर्न चिकित्सकहरूले आग्रह गरेका छन । सङ्सो धेरै बढेकाले बालबालिका, वृद्धवृद्धा र शारीरिक रूपमा कमजोर व्यक्तिलाई चिसोबाट जोगाउन चिकित्सकको आग्रह छ । अस्पतालमा चिसोले बिरामी भएका आउनेक्रम बढन थालेको छ। नारायणगढबाट लागेको बाक्लो हुस्सुका कारण चितवनको जनजीवन प्रभावित भएको छ। शीतका कारण सडकमा गुड्ने सवारी साधनहरूको चाप केहीमात्रामा घटेको छन् । मानिस बाहिर निस्किन सकेका छैनन् । चोकचोक तथा पसल अगाडि आगो फुकेर ताप्दै गरेको दृष्य देख्न सकिन्छ ।

शीतका कारण सडकहरू भिजेका छन् भने बाक्लो हुस्सु र चिसो हावाले जीवनलाई प्रभावित बनाएको छ । जल तथा मौसम विज्ञान विभागकी मौसमविद् निर्मला रेग्मीका अनुसार अहिले पानी परेको जस्तै देखिएको भए तापनि यो शीतलहर नै हो । अहिले पानी पर्ने सम्भावना छैन । यो शीत नै हो । तराईमा थप एक दुई दिन यस्तै रहनसक्ने छ । शीतलहरका कारण स्वास्थ्यमा विभिन्न समस्या हुनसक्ने भन्दै उच्च सतर्कता अपनाउन चिकित्सकको सुझाव छ । अनावश्यक रूपमा बाहिर नहिडौं । हिँड्नै परे न्यानो लुगा लगाएर मात्र हिडौँ । घरमा आगो तथा हिटर ताप्दा सावधानी अपनाएरमात्रै ताप्न चिकित्सकको अनुरोध छ । प्रशस्तमात्रामा झोलिलो पदार्थको सेवन गरी न्यानो कपडा लगाएर घरभित्र बस्ने पनि सुझाब छ ।

हिउँदेयाममा यस वर्ष विगतका वर्षको तुलनामा केही दिन ढिलोगरी चलेको शीतलहरले बढेको जाडोका कारण मजदुर, स्कुले बालवालिका, वृद्धवृद्धालाई बढी असर पुगेको छ। तराईका जिल्लामा देखिने शीतलहरको समस्याले बर्सेनि जनजीवन नराम्रोसँग प्रभावित हुनेगर्छ । पहाडी क्षेत्रमा पारिलो घाम लाग्दा यतिबेला तराईका जिल्लालाई भने कुहिरो र हुस्सुले ढाकेको छ । घाम झुल्किन नपाउँदा सर्वासाधारणलाई बिस्कुन सुकाउन र धोएका लुगा सुकाउनसमेत समस्या भइरहेको छ । शीतलहरले बढ्ने चिसोका कारण आलु, तोरीलगायतको हिउँदे बालीमा डढुवा रोगको समस्या देखिन थालेको किसानले बताएका छन्। हिउँदेयाममा बर्सेनि हुने शीतलहरले मुख्य बाली आलु, गोलभैँडा, तोरीमा देखिने डढुवा रोगले बाली नष्ट हुने समस्या स्थायी समस्या भइसकेको किसानको भनाइ छ । बर्सेनि यस्तो समस्या हुने गरेको हुँदा संघ, प्रदेश र स्थानीय सरकारले समन्वयात्मक तरिकाले जनजीवनलाई सहज बनाउन सबै उपायको खोजी पहिल्यै गर्नु आवश्यक छ ।

# स्थानीय कृषिउपज र पर्यटन प्रवर्द्धनका लागि तनहुँ महोत्सव

**पोखरापत्र संवाददाता**
तनहुँ, २४ पुस

'तनहुँ महोत्सव हाम्रो आधार, आर्थिक सामाजिक विकासको पूर्वाधार' भन्ने मूल नाराका साथ नवौँ तनहुँ कृषि पर्यटन तथा प्रविधि महोत्सव गरिने भएको छ । तनहुँ उद्योग वाणिज्य सङ्घको आयोजना तथा तनहुँ उद्योग वाणिज्य सङ्घ दमौली बजार इकाइको सहआयोजनामा यही पुस २५ गतेदेखि माघ ७ गतेसम्म व्यास नगरपालिका-३ बिपी वनबाटिकामा नवौँ तनहुँ महोत्सव गरिने भएको हो ।

महोत्सवमा कृषिउपज प्रवर्द्धनलाई पहिलो प्राथमिकता दिइएको आयोजकले जनाएको छ । किसानको उत्पादन बिक्री नहुने, सस्तोमा बेच्नुपर्नेलगायत समस्याले गर्दा जमिन बाँझिनेक्रम बढेकाले पेसा संरक्षण गर्न कृषिलाई पहिलो प्राथमिकता दिइएको तनहुँ उद्योग वाणिज्य सङ्घका अध्यक्ष तथा महोत्सव मूल समारोह समितिका संयोजक वैकुण्ठनाथ मिश्रले जानकारी दिनुभयो । "बिचौलीयाका माध्यमबाट सस्तोमा बेच्नुपर्दा लागत मूल्य नउठेर किसान पलायन हुने अवस्था छ, उपभक्ताले महँगो मूल्यमा किनुपर्ने बाध्यता छ, यसको न्यूनीकरण र किसानलाई संरक्षण गर्ने मुख्य उद्देश्यले महोत्सवमा कृषिलाई प्राथमिकतामा राखेका छौँ", अध्यक्ष मिश्रले भन्नुभयो । किसानलाई निःशुल्क कक्षको व्यवस्था गरिएको र जिल्लाका पालिकालाई पत्राचार गरेर निःशुल्क ढुवानीको व्यवस्था गर्न पहल कदमी गरिएको उहाँले बताउनुभयो । साथै प्रोत्साहित गर्नका लागि उत्कृष्ट किसानलाई सम्मान गरिने उहाँले जानकारी दिनुभयो । कृषि उत्पादनको बजारीकरण, नयाँ प्रविधिबारे जानकारी प्रदान गर्नुका साथै व्यावसायिक कृषि पेसामा आबद्ध हुन युवालाई उत्प्रेरित गर्ने अपेक्षा गरिएको आयोजकले जनाएको छ । महोत्सवबाट बेरोजगार युवा व्यावसायिक कृषितर्फ आकर्षित हुने, कृषिउपजको बजारीकरण भई आयमा वृद्धि हुने, उन्नत एवं विकासे (हाइब्रिड) प्रजातिको बीउको प्रयोग तथा उत्पादनमा वृद्धि तथा विदेशबाट फर्केका युवाको कृषितर्फ आकर्षण एवं व्यावसायिकतामा अभिवृद्धि हुने अपेक्षा गरिएको छ । महोत्सवमार्फत तनहुँको पर्यटन प्रवर्द्धन र धार्मिक एवं ऐतिहासिकस्थलको प्रवर्द्धन गरिने तनहुँ उद्योग वाणिज्य सङ्घका निवर्तमान अध्यक्ष तथा महोत्सवका निर्देशक पविन्द्रकुमार श्रेष्ठले बताउनुभयो । कृषिअन्तर्गत कृषिउपज प्रदर्शनी, स्थानीय हस्तकलाको प्रदर्शनी र स्थानीय उद्योगबाट उत्पादित कृषि सामग्रीको प्रदर्शनी कक्ष राखिनेछ । महोत्सवमा अन्नबाली, दलहन बाली, नगदेबाली, फलफूल, तरकारी महलगायत स्थानीय कृषिउपज तथा उत्पादन समावेश गरिनेछ । महोत्सवमा दुग्धजन्य उपज एवं उत्पादन प्रविधि, पशुपक्षीजन्य उपज एवं उत्पादन तथा प्रविधि, अण्डा लगाएको मासुजन्य बिक्री, मत्स्यजन्य परिकारसमेत समावेश हुने आयोजकले जनाएको छ ।

हालसम्म ९० प्रतिशत स्टल बुकिङ भइसकेको महोत्सवका प्रवक्ता तथा तनहुँ उद्योग वाणिज्य सङ्घका महासचिव सुबोध अधिकारीले जानकारी दिनुभयो । तनहुँ उद्योग वाणिज्य सङ्घसँग आबद्ध व्यावसायीका लागि कक्षमा २५ प्रतिशत छुटको व्यवस्था गरिएको कक्ष व्यवस्थापन समितिका संयोजक तथा तनहुँ उद्योग वाणिज्य सङ्घ दमौली बजार इकाइका सभापति शुकनारायण श्रेष्ठले जानकारी दिनुभयो । महोत्सव सफल बनाउन विभिन्न २९ वटा उपसमिति गठनगरी जिम्मेवारी बाँडफाँट गरिएको प्रयोजन समितिको संयोजक तथा तनहुँ उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष इमकुमार मल्लले बताउनुभयो ।

# बरालडाडा भगवतीबजार मेलाको तयारी तिब्र

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

कास्कीको मादी गाऊपालिकामा माघेसंक्रान्तीको अबसरमा लाग्ने मेलाको तयारी तिब्र पारिएको छ । बरालडाडा भगबतीबजार माघेसंक्रान्ती मेलाका लागि आबस्यक तयारी तिब्र गतिमा गरिएको आयोजक बरालडाडा तमु समाज सेवा समितीका अध्यक्ष चुम प्रसाद गुरुङ्गले जानकारी दिनुभयो ।

मादी नदीका किनारमा अबस्थीत भगबती मन्दीर परिसरमा यो मेला पौराणीक कालदेखि लाग्दै आएको छ । बिषेश गरि उक्त दिन मादीनदिमा स्नान गरि भगवती मन्दीरको अराधना गर्ने, उपवास बस्ने गरिन्छ । उक्त क्षेत्र र कास्की, लमजुङ्ग तथा तनहुँका मानिसहरुले भगवती देविलाई विशेष महत्वका साथ लिने गर्दछन । मेलाको अबसरमा माघ १ गते देखि वडास्तरीय भलिवल प्रतियोगिता, छेलो हान्ने प्रतियोगिता,भजन चुडका प्रतियोगिता तथा बिबिध सास्कृतिक कार्यक्रमहरुको आयोजना गरिएको छ । मेलामा राष्ट्रिय कलाकार लोक गायक चिज गुरुङ्ग, र्निजला गुरुङ्ग,जिवन दाहाल,मधु थापा मगर लागायतको उपस्थिती रहने आयोजक मध्ये बरालडाडा युवा क्लवले जानकारी दिएको छ । प्रतियोगितामा भलिवल तर्फ प्रथम पुरस्कार रु एक लाख तथा द्धितिय पुरस्कार साठी हजार तथा छेला च्याम्पीयन लाई रु बिस हजार पुरस्कार राखिएको छ ।

# चितवनमा तोरीखेती बढ्यो

**रासस**
चितवन, २४ पुस

भरतपुर महानगरपालिका र माडी नगरपालिकामा गत वर्षको तुलनामा यस वर्ष तोरीखेती हुने क्षेत्रफल बढेको छ । जिल्ला कृषि विकास कार्यालय चितवनका योजना अधिकृत निर्मल पौडेलका अनुसार गत वर्षको तुलनामा यस वर्ष तोरीखेती हुने क्षेत्रफल सातदेखि आठ प्रतिशत बढेको हो ।

गत आर्थिक वर्ष २०८०/०८१ मा जिल्लामा १३ हजार छ सय ४२ हेक्टर क्षेत्रफलमा तोरीखेती गरिएको थियो । क्षेत्रफल बढेसँगै उत्पादन पनि बढ्ने अनुमान गरिएको उहाँको भनाइ छ । गत आवमा यहाँ १७ हजार छ सय ८९ मेट्रिकटन तोरी उत्पादन भएको थियो ।

छोटो अवधिमा उत्पादन लिन सकिने नगदेबाली भएको र निकुञ्ज नजिक रहेका ठाउँमा जङ्गली जनावरले अन्य बालीमा भन्दा तोरीमा कम क्षति पुर्‍याउने भएकाले यसतर्फ किसानहरूको आकर्षण बढेको हुनसक्ने उहाँले बताउनुभयो । तोरीखेती प्रवर्द्धनका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारले विभिन्न कार्यक्रमहरु सञ्चालन गरेकाले तोरीखेतीप्रति किसानको आकर्षण वढ्दै गएको पौडेलको भनाइ छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# कृषकको पनि बन्यो लेखनाथ महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस



पुस १८ गतेदेखि कास्कीको लेखनाथमा जारी २० औं संस्करणको लेखनाथ महोत्सवमा कृषक र कृषि उत्पादनले राम्रो स्थान पाउन सफल भएको छ ।

महोत्सवमा कुल ३ सय ३६ स्टलहरुमध्ये कृषि उत्पादनका मात्रै २४ स्टलहरु रहेका छन । त्यतिमात्रै हैन महोत्सवमा बृहत कृषि मेला प्रर्दशनीको पनि व्यबस्था मिलाईएको छ । जहाँ पोखरा महानगरपालिका भित्रका ३३ वटै वडाका ७२ भन्दा वढि किसानहरुले विभिन्न किसिमका कृषि उपजहरु प्रर्दशनीमा राखेका छन ।

पोखरा महानगरपालिका कृषि तथा पशु विकास महाशाखा र आयोजकको समन्वयमा राखिएको प्रर्दशनीमा विभिन्न किसिमका फलफुल तथा तरकारी, बिउ विजन, कृषि प्रविधिहरुका उत्कृष्ट नमुनाहरु प्रर्दशनीमा राखिनुका साथै माटोको उर्वराशक्ति तथा क्षमता, अम्लीयपन कस्तो छ भनेर किसानलाई जानकारी पनि दिने गरिन्छ । प्रर्दशनीमा सहभागी किसानहरुमध्येबाट उत्कृष्ठ हुनेलाई पुरस्कृत समेत गरिने संघका कृषि उप-समितिका संयोजक खेमराज वरालले जानकारी दिए ।

महोत्सवमा रहेका कृषिका २४ स्टलहरु मध्ये ताजा तरकारीका ६, सुन्तला तथा फलफुलका ५, मौरी ६ र अन्य कृषिसँग सम्वन्धित स्टलहरु रहेका छन । माछाका स्टलमा बेगनासताल, रुपाताल, खास्टेताल र न्यूरेनीतालका माछाहरु संकलन गरेर विक्रिका लागी राखिएको छ । महोत्सवमा दैनीक रुपमा सरदर ५० केजी भन्दा वढि माछा बिक्रि हुने गरेको कृषि उप-समितिका सल्लाहकार दयाराम तिवारीले जानकारी दिएका छन् । वि स २०५८ सालमा सुन्तला प्रर्दशनीबाट शुरु भएको लेखनाथ महोत्सवमा कास्की र आसपासका जिल्लाहरुबाट ल्याईएका सुन्तलाहरु पनि दर्शकहरुले खरिद गर्न पाउनेछन । सुन्तलाका ५ वटा स्टलहरुमा कास्कीको पुम्दी बाग्लुङ, पर्वत र स्याङ्गजामा उत्पादन भएका सुन्तलाहरु राखिएका छन । ति स्टलहरुमा दैनिक सरदर तीन सय केजी भन्दा बढि सुन्तला बिक्रि हुने गरेको छ ।

ताजा तरकारीमा स्थानिय क्षेत्रकै उत्पादनहरुको बाहुल्यता छ । लेखनाथमै उत्पादन भएका तरकारीहरुदेखी कास्कीको हेमजासम्मका उत्पादनहरु स्टलहरुमा देख्न पाईन्छ । विभिन्न कृषक समुह, आमा समुहहरुले स्थानिय किसानका उत्पादनहरु संकलन गरी महोत्सवमा विक्रि वितरणको व्यवस्था समेत मिलाएको पाईन्छ । सँगै महोत्सवमा रहेका विभिन्न होटल तथा रेष्टुरेण्टहरुले महोत्सवमा रहेका कृषि उपजका स्टलहरुबाटै सामान खरिद गर्ने गरेका छन । कृषि उत्पादनमा लेखनाथलाई निश्चित कुनै एउटा ब्राण्डको रुपमा स्थापित गर्न नसकिएको अवस्था भएपनि स्थानिय स्तरमा उत्पादन भएका विभिन्न कृषि उत्पादनले भने महोत्सवमा राम्रै वजार पाएका छन । स्थानिय तालका माछा, मह, फलफुल, ताजा तरकारी, जडिबुटि, विभिन्न स्थानिय प्रजाती जेठोबुडो, गुर्दी, घैया, मन्सरा लगायतका चामल जस्ता कृषि उपजको किनमेल मात्रै हैन महोत्सव भित्र अवलोकन गर्न आउने र दर्शकहरुले कृषि सम्बन्धी परामर्श र कृषि व्यवसायमा प्रयोग हुने परम्परागत तथा आधुनिक सामग्रीहरुको अवलोकन पनि गर्ने गरेका छन, यसले कृषि उत्पादनको बजारीकरण र प्रर्वद्धनमा टेवा पुर्‍याउनुका साथै लेखनाथ महोत्सवलाई कृषकको पनि महोत्सवको रुपमा स्थापित गराएको छ । यसैगरी यसपालिको लेखनाथ महोत्सवमा पहिलो पटक महिला हक, अधिकारसग सम्बन्धित रहेर आयोजित महिला हाजिरी जवाफ प्रतियोगिता दर्शकको रोजाइमा रहेको छ भने युवालाई लक्षित गरि कन्सर्ट तथा लोक तथा दोहोरी गीतका पारखीहरुका लागि लोकदोहोरीका कलाकारहरु ल्याएर थप रोचक बनाएको प्रथम उपाध्यक्ष उपेन्द्रराज सुवेदी (राजु) ले बताएका छन् । यसैबिच महोत्सवको सातौं दिन बुधवार करिव १२ हजार दर्शकले मेलाको अवलोकन गरेका छन् भने आर्थिक कारोबार तर्फ ३५लाख बरावरको भएको र हालसम्म दर्शक तर्फ एक लाख आठ हजार र कारोवार तीन करोड ३५ लाख भएको महोत्सवका प्रचार प्रसार उप समितिका संयोजक जानुका अधिकारीले जानकारी दिएकी छन् । बुधबार विभिन्न राजनितिक दलका प्रदेश एवं महानगर तहका नेता, प्रतिनिधि एवं पुर्वमन्त्रीहरुले पनि महोत्सवको अवलोकन गरेका थिए । महोत्सवको पनि महोत्सवका रुपमा चिनिएको लेखनाथ महोत्सवमा साहित्य, महिला विशेष, विद्यालयस्तरीय, सांस्कृतिक, आदिवासी, जनजाति विशेष कार्यक्रम, जैविक विविधता, कृषि तथा पशुपंक्षी प्रर्दशनी, सुचना प्रविधि, शैक्षिक प्रर्दशनी, हस्तकला, जातजातिहरुको सम्मानमा लोप हुन लागेका रितिरिवाज तथा संस्कृति झल्काउने उत्कृष्ट नृत्य प्रर्दशनी रहने छन । महोत्सवमा ख्याति प्राप्त हास्य व्यंग्य कलाकार हरुको दैनिक प्रस्तुति, बाल उद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी गीत, लाइभ म्युजिक कन्सर्ट थप आर्कषणका रुपमा राखिएको छ ।


**सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
कर्पोरेट कार्यालयः महालक्ष्मी-४, इमाडोल, ललितपुर, फोन नं.: ०१-५९१२७५२
Website : www.swmfi.com.np
को

**संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना !**

सूचना प्रकाशित मिति २०८१/०९/२५ गते

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडका तपसिलमा उल्लेखित संस्थापक समूहका शेयरधनीले आफ्नो नाममा रहेको संस्थापक शेयर बिक्री गर्नका लागि निवेदन दिनु भएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रित पुर्‍याई बिक्री गर्न प्रक्रिया अगाडि वढाउन यस वित्तीय संस्थाको सञ्चालक समितिबाट निर्णय भएकोले संस्थाका संस्थापक शेयरधनीलाई नै उक्त संस्थापक शेयर खरिद गर्न प्राथमिकता दिनुपर्ने व्यवस्था भए बमोजिम संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कुनै संस्थापक शेयरधनी महानुभावहरुलाई यस संस्थाको संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी वित्तीय संस्थाको कर्पोरेट कार्यालय महालक्ष्मी-०४, ललितपुर वा शेयर रजिष्ट्रार कुमारी क्यापिटल लिमिटेड काठमाण्डौं-१, नागपोखरी नक्सालमा आफूले खरिद गर्ने शेयर कित्ता संख्याको व्यहोरा खुलाई निवेदन दिनुहुन सूचित गरिन्छ । संस्थापक शेयर खरिद गरी लिने, सम्वन्धमा तोकिएको उक्त म्याद भित्र हाल कायम संस्थापक शेयरधनी महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार संस्थापक शेयरधनी वाहेकका अन्य व्यक्ति वा संस्थालाई शेयर बिक्रीका लागि आवश्यक कारवाही अघि बढाइने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | शेयरधनीको नाम, ठेगाना | बिक्री गर्ने शेयर संख्या |
|---|---|---|
| २. | कमला शर्मा, आँधिखोला-०२, स्याङ्जा | ९,५८७ कित्ता ( नौं हजार पाँच सय सतासी मात्र) |

# कालिका आधारभूत विद्यालयको वार्षिकोत्सव तथा अभिभावक दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

पोखरा महानगरपालिका वडा नं ३२ मजुवास्थित कालिका आधारभुत विद्यालयको ३५ औं वार्षिकोत्सव एवम् अभिभावक दिवस विभिन्न कार्यक्रमका साथ बुधबार सम्पन्न भएको छ।

कार्यक्रमको एक समारोहका बीच पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले उद्घाटन गर्नुभयो। कार्यक्रममा वडा अध्यक्ष कार्कीले शैक्षिक गुणस्तरीयतामा जोड दिदै विद्यालय अघि बढ्नुपर्नेमा जोड दिनुभयो। विद्यालयलाई वडाका तर्फबाट साथ र सहयोग गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। विद्यालय व्यवस्थापक समितिका अध्यक्ष ओमबहादुर गुरुङले विद्यालयको समग्र विकासका लागि समाजका सबैको साथ र सहयोग आवश्यक हुनेमा जोड दिनुभयो। शिक्षक अभिभावक संघका अध्यक्ष मोहनकुमार प्रधानले यस क्षेत्रको शैक्षिक विकासमा विद्यालयले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो।



विद्यालयका प्रधानाध्यापक द्रोणराज सुवेदीले विद्यालयको भौतिक एवम् शैक्षिक अवस्था बारे जानकारी गराउनुभयो। वार्षिकोत्सवका अवसरमा कार्यक्रममा भवन निर्माण सहयोग दाता दारुमाया गुरुङ, संस्थापक सदस्य एवम् पूर्व अध्यक्ष दलबहादुर गुरुङ, मिलिजुली समाज मजुवा, विद्यालयका प्रधानाध्यापक दोर्णराज सुवेदी, शिक्षक सुष्मिता गुरुङलाई सम्मान गरिएको थियो। त्यस्तै चन्दादाता धनबहादुर थापा, डिलबहादुर पुन, सु.तुलबहादुर गुरुङ, ज्योति लामा, शिक्षक अभिभावक संघका सदस्य बीरबहादुर लामा, समाजसेवी विन्दुकुमारी भण्डारी, शिक्षक अभिभावक संघका अध्यक्ष मोहनकुमार प्रधानलाई सम्मान गरिएको थियो।

कार्यक्रममा विभिन्न कक्षामा उत्कृष्ट अंक ल्याउने छात्रछात्राका साथै विभिन्न विधाका उत्कृष्ट छात्रछात्रालाई पुरस्कृत गरिएको थियो। उक्त अवसरमा उत्कृष्ट विद्यार्थीहरूलाई स्व. मञ्जु बराल पौडेल स्मृति छात्रबृत्ति आदिबाट पनि विद्यार्थीलाई पुरस्कृत गरिएको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ओमबहादुर गुरुङको अध्यक्षता एवम् शिक्षकद्वय ओमबहादर थापा क्षेत्री र वसन्ती सुनारले सञ्चालन गर्नुभएको कार्यक्रममा रुपा गाउँपालिकाका उपाध्यक्ष लालसुव्वा गुरुङ, रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेल, राधाकृष्ण गुरुकुल संस्कृत विद्यालयका अध्यक्ष नरेन्द्र रेग्मी, नेपाल शिक्षक संघ कास्कीका अर्थ सचिव निर्मल आचार्य, वडा शिक्षा समितिका सदस्य शिवजी लामिछाने, समाजसेवी शरणकुमार प्रधान, मणिराम कंडेल, ढुण्डिराज पौडेल, डिलबहादुर गुरुङ, श्रीराम पन्थी लगायतले बोल्नुभएको थियो।

कार्यक्रममा विद्यालयका पूर्व प्रधानाध्यापक विष्णुबहादुर बस्नेत, गोगन माध्यमिक विद्यालयका अध्यक्ष मेघराज पौडेल, प्रधानाध्यापक मोहनराज बराल, खेमराज अधिकारी लगायत विभिन्न शिक्षासेवी, समाजसेवी तथा अभिभभावकहरूको उपस्थिति थियो।

# माछापुच्छ्रे बचत तथा ऋण सहकारीको २७ औं स्थापना दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

माछापुच्छे बचत तथा ऋण सहकारी संस्था लि. ले २७ औं स्थापना दिवस बुधबार विभिन्न कार्यक्रम गरि मनाएको छ।

संस्थाका संरक्षक हेडम्ब राज पराजुलीलाई संचालक समितिका अध्यक्ष पुष्पराज पराजुलीले शेयर प्रमाणपत्र प्रदान गरे। संरक्षक हेडम्ब राज पराजुलीले २०८० को एसईईमा उत्कृष्ट नम्बर ल्याउने शेयर सदस्यका छोराछोरीलाई सम्मानपत्र र नगद प्रदान गरे।



सहकारी संस्था शिक्षा तथा सूचना उपसमिति संयोजक शिबप्रसाद तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा सम्मानित विद्यार्थी सुदृश अधिकारी, राष्ट्रिय सहकारी बैंक गण्डकी प्रदेश प्रमुख नरेश पाण्डे, संरक्षक हेडम्ब राज पराजुली, अध्यक्ष पुष्पराज पराजुली, निवर्तमान अध्यक्ष डा वीर बहादुर कार्की, उपाध्यक्ष वर्षा केशव पराजुली, सचिब तोयनाथ लामिछानेले सहकारीको वर्तमान अवस्था र आउँदा दिनमा लिने बाटोका बारेमा चर्चा गरेका थिए। पोखराको अग्रणी सहकारी संस्था माछापुच्छे बचत तथा ऋण सहकारी सहकारीको मान्यता अनुसार चलेको र संचालक समितिमा सहकारी बुझेका व्यक्ति रहेको हुँदा जिल्लाको उत्कृष्ट पाँच भित्र पर्ने राष्ट्रिय सहकारी बैंक गण्डकीका प्रमुख नरेश पाण्डेले बताए। सहकारीले सहकारी शिक्षा बारे अभिमुखीकरण तालिम दिने र जेष्ठ शेयर सदस्यहरूलाई धार्मिक स्थल र राम्रा सहकारीको भ्रमण गराउने भएको छ।

## Government of Nepal
## Ministry of Energy, Water Resources and Irrigation
## Department of Water Resources and Irrigation
# Irrigation And Water Resources Management Project
## Pokhara, Kaski

# Invitation for Sealed Quotation

**(Only for E-Bids)**

**Publication Date: 2025-01-09 A.D. (2081-09-25 B.S.)**

Irrigation And Water Resources Management Project, Kaski invites electronic Sealed Quotation under e-procurement system from eligible bidders. For more information please visit www.bolpatra.gov.np/egp or Project Office.

| S N | Works Descriptions | Contract ID | Bid Doc. Fee (NRs) | Estimated Amount (Including PS &Vat) NRs. | Bid Security Amount NRs. | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Rcc canal Linning works on Begnas Malmul Phant Sinchai Yojana, Pokhara-32, Kaski | IWRMP-KASKI/ BEGNAS-MALMUL/ SQ/WORKS/ 01- 081/082 | 1000 | 19,15,453.58 | 43,000.00 | 45 Days/75 days from last date of bid submission |

Last date and time of Bid Submission: 2081-10-11 B.S. (24 Jan 2025) 12:00 Noon at IWRMP

Bid Opening date and time: 2081-10-11 B.S. (24 Jan 2025) 13:00 Hours at IWRMP

**Project Chief**

# माछापुच्छ्रे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाहाचोक, कास्की
## गण्डकी प्रदेश, नेपाल

# बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/०९/२५**

यस गाउँपालिकाबाट मिति २०८१/०८/१४ गते नागरिक दैनिक पत्रिका तथा https://www.bolpatra.gov.np/egp मार्फत प्रकाशित नदीजन्य सामाग्री ढुंगा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) आदिको निकासी शुल्क ठेक्कामा लगाउने बारे बोलपत्र आह्वानको सूचनामा रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा सारभूत रुपमा प्रभावग्राही भै अधिकतम रकम कबोल गर्ने देहाय बमोजिमका बोलपत्र सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सिन | बोलपत्रको नाम | IFB No. | स्वीकृत हुने बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (कर समेत) |
|---|---|---|---|---|
| १ | लाहाचोक घाचोक घाट | MRM/NCB/ REVENUE/ 081-82/02 | Naudhare Construction Company Pvt. Ltd. Pokhara-16, Kaski | २०,११,७६५.०० |

प्रमुख प्रशासकीय अधिकृत

## गण्डकी प्रदेश सरकार
## वन तथा वातावरण मन्त्रालय
## वन निर्देशनालय
# डिभिजन वन कार्यालय, कास्की
## पोखरा, नेपाल

# दरभाउ पत्र स्विकृतको आशयको सूचना प्रकाशन सम्बन्धमा

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/२५**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८१/०८२ को ब.उ.शि.न. ३०७०२३१२० चालु खर्च तर्फ खर्च शिर्षक नं. २२३१२ पशुपंक्षीहरुको आहारा अर्न्तगत २.९.५.१ उद्दार गरिएका वन्यजन्तुहरुको आहारा कार्यक्रम तर्फ, २०८१ माघ १ देखि २०८२ पौष मसान्तसम्म १ वर्षको लागि आहारा व्यवस्थापन गर्न यस कार्यालयको मिति २०८१/०९/०२ को राजधानी राष्ट्रिय पत्रिकामा Hard Copy मार्फत दरभाउपत्र आव्हान गरिएकोमा रितपूर्वक कार्यालयमा दर्ता भई मिति २०८१/०९/१७ मा यस कार्यालय र दरभाउपत्रदाताहरुको रोहबरमा खोलिएका दरभाउपत्रहरुको मिति २०८१/०९/२३, मिति २०८१/०९/२४ मा बसेको बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन गर्दा तपसिल बमोजिमका दरभाउपत्र दाताहरुको दरभाउपत्र सार्वजनिक खरिद ऐन नियमावली २०६४ नियम १४७ बमोजिम सारभूतरुपमा प्रभावग्राही देखिएकोले उक्त दरभाउपत्र स्विकृतको आशयपत्र जारी गरिएको व्यहोरा जानकारी गराइन्छ।

**तपसिल**

| सि. नं. | सूचनाको मिति | योजनाको नाम | बोलपत्र दाताको नाम | कबोल अंक मु. अ. कर बाहेक | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०८१/०९/०२ | पचभैया प्राणी उद्यान तथा वन्यजन्तु उद्दार केन्द्रमा रहेका वन्यजन्तु तथा चराचुरुङ्गीहरुको आहारा व्यवस्थापन । | श्री थापा खाद्यान्न सप्लायर्स, पोखरा १६, बाटुलेचौर । | १९८२३६५।0 | 1st |

**डिभिजनल वन अधिकृत**